दर्ता नं. ८७८-०६०/६१

Shikhar Insurance
Happysurance

मितिः २०८२।९।२९

च.नं.: १२१५।२०८२।८३

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
काठमाण्डौ ।

विषयः जानकारी गराइएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८२।९।२९ गते सम्पन्न भएको यस कम्पनीको २१ औं वार्षिक साधारण सभाबाट निम्नबमोजिमको निर्णयहरु सर्वसम्मतबाट पारित भएको व्यहोरा हार्दिक जानकारी गराउन चाहन्छौं ।

१. आ.व.२०८१।८२ को संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।

२. आ.व.२०८१।८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु पारित गर्ने ।

३. आ.व.२०८२।८३ को लेखापरीक्षणका लागि श्री जि.पि राजबाहक एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट्सलाई लेखापरीक्षण शुल्क (मु.अ.क.बाहेक) बापत रु.१,०००,०००(अक्षरेपी रु.दश लाख), कर लेखापरीक्षण शुल्क बापत रु.३०,००० (अक्षरेपी रु तीस हजार ) तथा लंग फर्म अडिट रिपोर्ट बापत रु.३०,००० (अक्षरेपी रु.तीस हजार) भुक्तानी गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्ने ।

४. संचालक समितिवाट प्रस्ताव भए बमोजिम ०.३१५८ प्रतिशतका दरले नगद लाभांस (प्रस्तावित लाभांसको कर प्रायोजनार्थ) पारित गर्ने ।

५. कम्पनीको सर्वसाधारण शेयरधनीहरुका तर्फबाट मिति २०७७।१२।९ मा निर्वाचित संचालक श्री दिनेश बज्र बज्राचार्य तथा श्री स्कन्द अमात्यको संचालक पदको पदावधि समाप्त भएपश्चात् आगामी वार्षिक साधारण सभासम्मको लागि पदावधि थप गर्ने सम्बन्धमा कम्पनीको संचालक समितिको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने तथा संचालक श्री दिनेश बज्र बज्राचार्यज्यूको राजिनामा पश्चात् मिति २०८२।०५।१५ गते सम्पन्न संचालक समितिको बैठकबाट श्री अश्माङ्क कार्कीलाई आगामी वार्षिक साधारण सभासम्मको लागि संचालक पदमा नियुक्त गर्ने बारे संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने ।

६. कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सर्वसाधारण समूह “ख” का शेयरधनीबाट निर्वाचित हुने २ (दुई) संचालकका लागि प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६३ बमोजिम निर्वाचन कार्यक्रमबाट श्री स्कन्द अमात्य तथा श्री अश्माङ्क कार्की निर्विरोध निर्वाचित हुनु भएको ।

७. सञ्चालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पूँजीमा ६ प्रतिशतका दरले रु. १७५,३८५,९४० (अक्षरेपी रु.सत्र करोड त्रिपन्न लाख पचासी हजार नौ सय चालिस मात्र) को बोनस शेयर पारित गर्ने तथा बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व अनुपात (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने । यस

शिखर इन्स्योरेन्स कम्पनी लि.
काठमाडौं

सम्बन्धमा अन्य आवश्यक कार्य गर्नका लागि तथा खण्डित शेयरलाई माथिल्लो नजिकको अकंमा परिणत गर्दा तथा शेयर अनुपात कायम गर्दा शेयर संख्या थपघट गर्न संचालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने ।

८. कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने ।

९. कम्पनीको चुक्ता पूँजी सम्बन्धमा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने । संशोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

भवदिय,

सुरज राजबाहक

कम्पनी सचिव